भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/८०
च.नं.:- १२९२

मिति:- वि.सं.२०८०/०१/२८ गते

विषय:- कृषकहरुको जिज्ञासा र वीज्ञद्धारा दिईने सुझाव उपयोग सम्बन्धमा ।

**श्री वडा कार्यालयहरु, सबै ।**
**भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।**

प्रस्तुत विषयमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुरको पत्र संख्या २०७९/८०, चलानी नंम्बर ३०३ र मिति २०८०/०१/२४ गतेको यस कार्यालयलाई प्राप्त पत्रानुसार आम कृषकहरुको कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कुनै जिज्ञासा र समस्याहरुको कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी वीज्ञद्धारा निःशुल्क रुपमा सल्लाह र सुझावहरु प्राप्त गर्नको लागि नेपाल टेलिकमको टेलिफोन र मोबाईलबाट फोन गर्दा पैसा नलाग्ने किसान कल सेन्टर, हरिहरभवन, ललितपुरको टोल फ्रि नम्बर १६६००१९५०००मा सम्पर्क गर्न र गर्न लगाउनुहुन पालिकाको तर्फबाट प्रचार प्रसार गरिदिनको लागि अनुरोध भई आएको हुँदा त्यहाँ वडा कार्यालयभित्र रहेका आम कृषकहरुलाई कृषकहरुको आ-आफ्नो जिज्ञासा र वीज्ञद्धारा दिईने सुझाव उपयोग गर्नको लागि व्यापक रुपमा प्रचारप्रसार गरिदिनुहुन जानकारीका लागि अनुरोध छ ।
साथै यस कार्यालयलाई प्राप्त पत्र पनि यसै पत्रसाथ संलग्न गरि पठाईएको छ ।

२०८०/१/२८
..........................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि सूचना तथा प्रशिक्षण केन्द्र

हरिहरभवन,ललितपुर

पत्र संख्या : ०७९/८०

च.नं. 303

मिति:२०८०।०९।२४

श्री नगरपालिका/गाँउपालिका सबै

विषय: कृषकहरुको जिज्ञासा र बीज्ञद्वारा दिइने सुझाव उपयोग गर्न लगाउने बारे ।

उपरोक्त विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, किसान कल सेन्टर हरिहरभवन, ललितपुरले कार्यालय खुलेको दिनको ११:०० बजे देखि ४:०० बजे (शुक्रवार ३:०० बजे सम्म) देहायका विषयहरुमा कृषकहरुको जिज्ञासा र समस्याहरुलाई कृषि तथा पशुपन्छी बीज्ञद्वारा निःशुल्क सल्लाह र सुझाव दिने कार्यक्रम आ.व.२०७२/२०७३ देखि सञ्चालन भैरहेको व्यहोरा अनुरोध गरिन्छ । यसै सन्दर्भमा तहाँ पालिका अन्तरगतका आम कृषकहरु समेत यस कल सेन्टरबाट प्राप्त हुने कृषि तथा पशुपन्छी सम्बन्धी कुनै जिज्ञासा र समस्याहरुको सल्लाह र सुझाव प्राप्त हुने सेवाबाट लाभान्वित हुन सक्ने भएकोले नेपाल टेलिकमको टेलिफोन र मोबाइलबाट फोन गर्दा पैसा नलाग्ने टोल फ्रि नं १६६००१९५००० मा सम्पर्क गर्न र गर्न लगाउनु हुन पालिकाको तर्फबाट प्रचार प्रसार गरिदिनको लागि अनुरोध छ ।

श्री कृषि तथा
२०८०/९/२६

कृषकहरुको जिज्ञासा र समस्याहरु सोधपुछ गर्ने विषय र दिन

| दिन | विषय |
|---|---|
| आइतवार देखि शुक्रवारसम्म | अन्नबाली, दलहन, तेलहन, नगदेबाली, बागवानीजन्य बालीहरु, बाली संरक्षण सम्वन्धी, मौरी, च्याउ, रेशमखेती, माटो, बिमा... आदि |
| आइतवार, मंगलवार र बिहिवार | पशुपन्छी सम्वन्धी |
| सोमवार र शुक्रवार | मत्स्यपालन सम्वन्धी |

दर्ता नम्बर :- ४५०
दर्ता मिति :- २०८०।९।२८

(इश्वरी प्रसाद पाण्डे)
प्रमुख

" व्यावसायिक र सिर्जनशील प्रशासनः विकास समृद्धि र सुशासन "

फोन नं. ५५२२४४८, ५५२२५१७, ५५२२२४८, ५५२२१२७ फ्याक्स नं. Email: info@aitc.gov.np Website: www.aitc.gov.np

CS Scanned with CamScanner

कृषि, पशुपन्छी र माछा सम्बन्धी जिज्ञासा, प्रश्न र समस्याहरूका लागि

## किसान कल सेन्टरमा

# नि:शुल्क फोन गर्नुहोस्

## १६६००१९५०००

(समय: ११:०० देखि ४:००)

कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहरभवन, ललितपुर ।